सर्वोच्च अदालतमा पेश गरेको
<u>निवेदन पत्र</u>

<u>विषयः- अदालतको अवहेलनामा हदैसम्मको सजाय गरी पाऊ ।</u>

का. जि. का. म. न .पा. वडा न ३१ बस्ने वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी
(९८५१०३६३०७) ..... **निवेदक/पक्ष**

<u>विरुद्ध</u>

प्रधानमन्त्री के. पी. शर्मा ओली, प्रधान मन्त्री तथा मंत्रिपरिषदको कार्यालय सिंहदरबार, काठमाड़ौ.....१
अर्थमन्त्री बिष्णु प्रसाद पौडेल, अर्थमंत्रालय सिहदरबार, काठमाड़ौ .....१ बिपक्षी

म निवेदक निवेदन वापत लाग्ने दस्तुर यसैसाथ राखी निम्न लिखित निवेदन गर्दछु :–

१. म निवेदक लामो समय देखी कानून व्यवसाय गदै आएको छु । कानूनी शासन, संवैधानिक सर्वोच्चता, सामाजीक न्याय, स्वतन्त्र र सक्षम न्यायपालिका, आधारभूत मानव अधिकार जस्ता विषयमा मेरो व्यवसायी क सरोकार हुनुको साथै यस्ता विषयमा अदालतलाई सहयोग गर्नु हाम्रो कर्तव्य र दायित्व भएको हुदा यस अ घि पनि यस्ता कार्यमा अदालतलाई सहयोग गर्दै आएको छु ।

२. हाम्रो संबिधानले न्यायपालिका लाई संबिधान एव कानूनको अंतिम ब्याख्याता को रूपमा स्थापित गरेको छ । अदालतले दिएका आदेश एव फ़ैसलाहरु प्राज्ञिक महत्व का लागि मात्र हुदैनन अपितु यसको सार्थकता

यसको प्रभावकारी कार्यान्वयनमा रहेको हुन्छ । यदि संबन्धित ब्यक्ति, निकाय एव पदाधिकारीहरुले अदालती आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्दैनन भने यसको औचित्य तथा सार्थकता समाप्त हुनजान्छ । न्यायिक आदेश एव फैसलाहरुको सार्थकता यसको कार्यान्वयनमा नै निहित रहेको हुन्छ भन्ने कुरामा कुनै दुईमत हुन सक्दैन । यसै सम्बन्धमा मिति २०७८/२/१५ गते अध्यादेश मार्फत अर्थमन्त्री बिष्णु प्रसाद पौडेलद्वारा प्रस्तुत गरिएको आर्थिक बर्ष २०७८/०७९ को आय–व्ययको सार्बजनिक जानकारी बक्तब्यको बुँदा न. १९९ मा "वातावरणीय प्रभाव मुल्यांकनको आधारमा खानीजन्य ढुंगा गिट्टी बालुवा निकासी गरी ब्यापारघाटा न्यूनीकरण गरिनेछ । निकासी गरिने खानी जन्य निर्माण सामग्रीको परिवहनका लागी उधोग देखी निकासी बिन्दु सम्म रोप–वे निर्माण गर्न आयातमा लाग्ने भन्सार महसुल छुट दिने व्यवस्था मिलाएको छु" भन्ने बजेट वक्तब्य जारी गरिएकोमा सो बजेटको बुंदा न १९९ कार्यानवयन नगर्नु नगराउनु भनि मैले सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन (रिट नंबर ०७७–WC– ०१०२) दायर गरेको थिए I सो सम्बन्धमा सम्मानित संबैधानिक इजलासले मिति २०७९/१/७ गते खानिजन्य निकासीलाइ रोक्न परमादेशको आदेश जारी गरेको थियो i सम्मानित अदालतले फैसलाको प्रकरण 41 मा स्पष्ट रुपमा बोलेको थियो – **खानीजन्य वा नदि जन्य प्राकृतिक स्रोतको दोहन गरि दुंगा गिट्टी बालुवा आदि निकासी गर्ने सम्बन्धमा संबिधानका व्यवस्था भावना र मर्म समेत अनुकुल हुने गरि संघिय विधायिका द्वारा अन्यथा व्यवस्था नगरे सम्म नेपालको कुनै पनि क्षेत्रबाट ढुंगा गिट्टी आदिको निकासी गर्ने गराउने कार्य नगर्नु नगराउनु, मुलुकको भौगोलिक भौगर्भिक र वातावरणीय समबेदनशीलता समेत लाइ दृष्टिगत गरि प्रशासन र सूरक्षा निकायहरू समेतको परिचालन गरि हाल भै रहेको विदेश तर्फको निकासीलाइ रोक्नु र वातावरण सरक्षणमा प्रभावकारी व्यवस्था मिलाउनु भनि बिपक्षीहरुका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ"** भनि परमादेश जारी हुने फैसला गरेकोमा आर्थिक बर्ष ०८२/०८३ को बजेटको बुदा नम्बर ८७ मा सो को सर्वथा प्रतिकूल हुने गरि एव सम्मानित संबैधानिक इजलासको फैसलालाइ सर्वथा निष्क्रिय एव निष्प्रभावी हुने गरी निम्न प्रावधान राखिएको छ – **"प्राकृतिक तथा खानीजन्य बस्तुको ब्यवसायिक उत्पादन र बजारीकरणमा निजि क्षेत्रलाइ सहभागी गराइनेछ । वातावरणीय प्रभाव अध्ययनबाट उपयुक्त र आर्थिक दृष्टिले सम्भाब्य देखिएका खानीजन्य र नदिजन्य निर्माण सामाग्रीको उत्खनन र प्रसोधन गरि आन्तरिक उपयोग र निर्यात गर्ने व्यवस्था मिलाइने छ" ।** । बर्तमान बजेटको प्रस्तुत बुदाले संबैधानिक इजलासको फैसलाको स्पष्ट उल्लंघन भएको छ I सम्मानित अदालतको आदेश एव फैसलालाइ उल्लंघन गर्ने अधिकार राज्यको कुनै पनि निकाय एव पदाधिकारीलाइ प्राप्त छैन I प्रस्तुत बजेटको बुदा नम्बर ८७ नितान्त कपटपूर्ण छ I प्रस्तुत प्रावधानले अदालतको सर्वोच्चतालाइ ठाडै चुनौती दिएको छ I यसबाट संबिधानको शक्ति पृथकिकरणको अवधारणामाथी समेत प्रत्यक्ष प्रहार गरेको छ I

३. सम्मानित अदालतको आदेशलाई निष्क्रिय एव निरर्थक तुल्याउने कुनै पनि बिशेषाधिकार प्रधानमन्त्रीलाई लाइ वा अर्थमंत्री प्राप्त छैन । कार्यपालिकाको कार्य बिद्दमान संबिधान, कानून एव न्यायिक आदेशहरुको प्रभावकारी कार्यान्वयन गर्नु हो । यदि यसो भएन भने बिधिकों शासनको आधारभूत अवधारणा नै पराजित हुन पुग्द्छ । न्यायिक आदेशहरुको पालना तथा कार्यान्वयन बिना सबैधानिक लोकतन्त्रहरुको भविष्य सुनिश्चित हुनसक्दैन । न्यायिक आदेशहरुको प्रभावकारी कार्यान्वयनले नै यस प्रतिको नागरिक आस्थामा बढ़ोत्तरी हुन्छ । न्यायिक आदेशहरुको प्रभावकारी कार्यान्वयन नै न्यायिक स्वतन्त्र न्यायपालिकाको आधार हो जसको अभावमा नागरिक स्वतन्त्रता, संवैधानिक सर्वोच्चता एब लोकतान्त्रीक शासन प्रणाली सम्भब छैन । सम्मानित अदालतको यो फैसलाको बरखिलाफ हुने गरी मुलुकको प्राकृतिक स्रोत एव सम्पदाको बिबेकहीन दोहन गरिनु एव मुलुकको पारिस्थितिक प्रणाली मै गंभीर रुपमा प्रतिकूल असर गर्ने कार्य गर्नु सम्मानित अदालतको गंभीर अवहेलना

हो । अदालतको आदेशकों अवहेलना गर्नु फ़ौजदारी कसूर हो । यस सम्बन्धमा निज बिपक्षीहरुको कार्य दंडनीय छ I

न्यायपालिकाको सबैभन्दा ठुलो शक्ती भनेको नागरिकहरुको यस प्रति रहेको आस्था हो । एउटा प्रसिद्ध भनाई छ कि न्यायपालिकाको राज्यको ढुकुटी एवं सैन्य शक्ती (Purse and Sword) माथी नियन्त्रण हुदैन । तर जनताहरुको यसप्रति रहेको निरन्तरको आस्था नै यसको सबै भन्दा ठुलो सम्पति एव पूजी हो । यदि नागरिकहरुको आस्था समाप्त हुने हो भने अदालतका लागि न्याय संपादन गर्ने कार्य असम्भव हुन् I कुनै बेला न्यायपालिकालाई राज्यको सबै भन्दा कमजोर अंगको रुपमा गणना गरिन्थ्यो। तर न्यायपालिकाले नागरिक अधिकारको रक्षाको लागी खेलेको महत्वपूर्ण भुमीकाहरुका कारण यस प्रतिको बढदो जनआस्थाको कारणले आज यो राज्यको सबै भन्दा महत्वपूर्ण एवं राज्यको अन्य अंगहरुलाई संबैधानिक अनुशासनमा राख्न सक्ने एउटा शक्तीसम्पन्न अंगको रुपमा स्थापित भै सकेको छ। यो मर्यादा लाई उच्च राख्नु, यसको गरिमा एवं महत्वलाई कायम राख्न निरन्तर कृयाशील हुनु एउटा कानून व्यवसायीको नाताले मेरो व्यवसायीक कर्तव्य हो। अदालतको मर्यादा समाप्त हुनु भनेको एउटा कानून व्यवसायीको रुपमा मेरो व्यक्तिगत मर्यादा माथी पनि गम्भीर आँच पुग्नु हो। निज बिपक्षीहरुले सम्मानित अदालतले गरेको परमादेशलाइ शून्य एव निष्प्रभावी तुल्यउन खोज्नु लोकतांत्रिक समाजका लागी सर्वथा अशोभनीय हुनुका साथै कसूरजन्य कार्य समेत हो I

४. अदालतको अबहेलना गर्नु गम्भीर फैजदारी कसुर हो। नेपालको संबिधानको धारा १२८ (४) ले 'मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संबिधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्दान्त सबैले पालन गर्नु पर्नेछ i सर्वोच्च अदालतले आफ्नो वा मातहतको अदालतको न्यायसम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानून बमोजिम अबहेलनामा कारवाही चलाई सजाय गर्न सक्नेछ' भन्ने स्पष्ट संबैधानिक व्यवस्था गरी अदालतको मर्यादा एवं प्रतिष्ठालाई उच्च प्रथमिकता प्रदान गरेको छ। अदालतको अवहेलना गर्ने, अवज्ञा गर्ने एव न्यायसम्पादनको कार्यमा अवरोध गर्ने कार्यलाई संबिधानले नै कसुरको रुपमा स्थापित गरेको छ । त्यसैगरि न्याय प्रशासन ऐनको दफा १७(२) ले पनि सो बमोजिमको कानूनी बंदोबस्त गरेको छ भने ऐनको दफा १७(४) ले सो सम्बन्धमा कैद एव जरिबानाको ब्यवस्था गरेको छ I यसै सन्दर्भमा भारतीय सर्वोच्च अदालतले Hira Lal Dixchit v. State of UP मुद्दामा भनेको छ - This is certainly an extraordinary power which must be sparingly exercised but where the public interest demands it, the court will not shrink from exercising it and important punishment even by punishment even by way of imprisonment in cases where a fine may not be adequate. (AIR 1954SC 743 (1955). यसैगरी क्यानाडाको सर्वोच्च अदालतले R. v. Vermette भनेको मुद्दामा छ "The power to deal with contempt as part of the inherent and essential jurisdiction of the courts has existed, it is said, as long as the courts themselves (see Fox, *The History of Contempt of Court* (London,1972), p. 1). This power was necessary, and remains so, to enable the orderly conduct of the court's business and to prevent interference with the court's proceedings".

४. अतः माथी प्रकरणहरुमा उल्लेख भए बमोजिम निज बिपक्षी प्रधानमन्त्री के.पी.शर्मा ओली एव अर्थमन्त्री बिष्णु प्रसाद पौडेलले अदालतको अवहेलनाको गम्भिर कसुर गर्नु भएकोले २४

घंटाभित्र सम्मानित अदालतमा उपस्थित गराइ निजहरुको तत्काल बयान गराई सम्मानित अदालतबाट निम्न बमोजिमको आदेश जारी गरि पाऊ I

– न्याय प्रशासन ऐन, २०७३ को दफा १७(४) बमोजिम हदै सम्मको (एक बर्ष कैद र दश हजार जरिबाना) सजाय गरी पाऊ।

– निज बिपक्षीहरुलाइ तत्काल पदमुक्त गरि पाऊ I

– निज हरुलाई भविष्यमा सार्वजनिक पद धारण गर्न अयोग्य घोषित गरि पाऊ I

– बजेटको बुदा न ८७ कार्यान्वयनलाइ तत्काल रोकी पाऊ I

५. यो निवेदन दर्ता भएपछि अदालतको कारवाहीमा अदालतले खोजेको बखत उपस्थीत हुने छु।

६. यो निवेदन दर्ता गर्न कानून व्यवसायी मुकरर गरेको छैन।

७. यसमा लेखिएको व्यहोरा ठीक साँचो छ। झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक

बरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी

ईति सम्बत २०८२ साल जेठ १९ गते रोज शुभम.....